# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं चैत्र १४ गते २०१३ साल [अतिरिक्ताङ्क १८

# ०१३-१४ सालको बजेट रिपोर्ट (क)

५५।०१३ १४।१२।०१३

१. बजेट राष्ट्रको प्रशासनको एक मूलभूत अङ्ग हो। यो केवल आय व्ययको लेखाजोखा मात्र होइन। यो हो, आगामी वर्षमा हुने राष्ट्रिय जीवनका क्षेत्रहरूमा सरकारबाट गरिने हरएक गतिविधि र रचनात्मक काँमहरूको, तस्वीर। हाम्रो देशमा २००७ सालभन्दा वरा आय व्ययको लेख मात्र राख्ने चलन थियो र त्यो पनि जनताको समक्ष पेश गरिंदैन-थियो। राजनैतिक परिवर्तनका बाद २००८ सालमा, बजेटको रूपरेखा खडा गरी जनतासमक्ष पेश गर्ने पहिलो प्रयास भयो। त्यसपछि पनि एक दुइ पटक बजेट प्रकाशित भए। तर तिनको रूप यथार्थ थिएन। कारण, यथार्थ वैज्ञानिक तरिकाले बजेट तयार गर्ने उपयुक्त साधन र तरिका हाम्रो प्रशासकीय यन्त्रमा आज पनि पूर्णरूपेण तयार भैसकेको छैन। यसैले यो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सालको बजेट अगाडि नै प्रकाशित भइसक्नुपर्ने हो तापनि सो हुन सकेन ढिलै भए पनि हामीले यो आर्थिक वर्षको बजेट जनताका सामुन्ने पेश गरेका छौं ।

२. यो सबैलाई थाहा भएकै कुरा हो कि हाम्रो देशको आमदानी पुरानो शासनमा भन्दा विशेष बढेको छैन। तर, सरकारले प्रशासनमा यामन्ती शासन व्यवस्थाको सट्टा महँगो प्रजातान्त्रिक व्यवस्था चलाउनु मात्र छैन, हरएक क्षेत्रमा जनताको बढ्दो मागलाई पनि पूरा गर्नु छ र एक जनहित शासन प्रणाली चलाउनु छ। यसमाथि अरू यस्ता कामहरू पनि सरकारले शुरु गर्नु परेको छ, जसका फल तत्काल प्राप्त हुन नसके तापनि पछि परन्तु सुनिश्चित छ । पछि फल्ने फलको निमित्त पहिले प्रशस्त मल हाल्नु छ। अतः आमदानीभन्दा खर्च धेरै हुनु, भएको देखिनु स्वाभाविक हो ।

३. यो आय व्यय सन्तुलनको समस्या केवल सरकारको सामुन्ने मात्र सीमित नभई सारा जनताको सामु उपस्थित छ। त्यसले यसमा सबै देशवासीहरूले चासो देखाउनु स्वाभाविक मात्र होइन, आवश्यक पनि छ । जनताबाट थोर बहुत गरी जम्मा हुन आएको यो रकम के कस्तो हिसाबले खर्च हुने भएको छ,त्यसको फाँट देखाउनु सरकारको एक मुख्य कर्तव्य हो किन भने प्रजातन्त्रमा जनता र सरकारको हित गाँसिएको छ। सरकारको काम जनहितको नीति निर्धारण गरी जनताको सामुन्ने राख्ने हो। सो नीति समर्थन गरी कार्यरूपमा परिणत गर्ने, सरकारलाई सहयोग दिने काम जनताको हो ।

४. [क] २०१२।१३ सालमा सामान्यतर्फ मोरु १,३७,५१,००० , भा. रु. २,७६,६९,००० आमदानी र मोरु ३,३६,१२,०००, भा. रु. २,४३,४०,००० खर्च हुने अनुमान गरिएकोबाट मोरु १,९८,६१,००० न्यून र भा. रु. ३३, २९,००० अधिक हुने अनुमान भएको थियो । तथा विशेषतर्फ आमदानी मोरु २३,३८,०००, भा.रु. ३८,८१,००० र खर्च मोरु १८,९१,०००, भा.रु. ३८,८१,००० हुने अनुमानबाट मो.रु. ४,४७,००० अधिक हुने अनुमान गरिएको थियो। तर संशोधित अनुमानमा सामान्यतर्फ आमदानी मो. रु. १,५१,७३,०००, भा. रू. २,१८,३०,००० र खर्च मो. रु ३,३३,७४, ०००, भा. रु. १,०२,८१,००० हुन आई मो. रु. मा १,८२,०१,००० न्यून र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भारुमा ६५, ०३, ००० अधिक तथा विशेषतर्फ आमदानी मोरु, २७, ९१, ०००, भारु. ३८, ८१,००० र खर्च मोरु. ११, २२, ०००. भारु. २६, ४०, ०००. हुन आई मोरु. १६, ७१, ०००. र भारु. १२, ४१, ०००. अधिक हुन आएको छ। अनुमानमा मोरु भारु दुबै गरी सामान्यतर्फ १, ६५,३२,०००. न्यून र विशेषतर्फ ४,४७,००० अधिक भै जम्माजम्मीमा १,६०, ८५. ००० न्यून हुने भएकोमा संशोधित अनुमानमा मोरु. भारु. दुबै गरी सामान्यतर्फ ८६, ९८,०००. न्यून र विशेषतर्फ २९, १२, ०००. अधिक भै जम्माजम्मीमा ५७, ८६, ०००. मात्र न्यून देखिन गयो। मोरु भारु दुवैको जम्माजम्मीमा अनुमानभन्दा संशोधित अनुमानको आमदानीमा सामान्यतर्फ ३६, ४२, ०००, र विशेषतर्फ ४, ५५, ०००. समेत ४०, ९८, ०००. बढी हुन आएको छ तापनि खर्चमा सामान्यतर्फ ७८, ३४, ०००. र विशेषतर्फ २४, ६५, ०००. समेत १, ०२, ९९, ०००. घटी हुन गएको देखियो। संशोधित अनुमानमा आमदानीतर्फ बृद्धि नै नभएको भए पनि खर्चमा अनुमानभन्दा सामान्यतर्फ ४१,९१, ०००. र विशेषतर्फ २०, १०, ०००. गरी ६२, ०१, ०००. घटी हुने देखियो। संशोधित अनुमानमा खर्च तर्फ कम हुनाको मुख्य कारण हाम्रो देशमा विशेषज्ञको कमीले विकास र रचनात्मक कामहरू बितएबमोजिम पूर्णतया हुन नसक्नु नै हो।

[ख] यो २०१३।१४ आर्थिक वर्षमा सामान्य आमदानी खर्चतर्फ आमदानी मोरु. १,५६,९८,०००. भारु. ३,५६,०३,०००. र खर्च मोरु ३,७३, ३३, ०००. भारु. २, २७, ७२, ०००. हुने अनुमान गरिएको छ। यसबाट मोरु. तर्फ २, १६, ३५, ०००. न्यून र भारुमा १, २८, ३१, ०००. अधिक हुन आउँदछ।

[ग] विशेष आमदानी खर्चतर्फ २०१३।१४ का सामान्य आमदानीमा टकसारको परल खर्चको अनुमानबाट मात्र आमदानी देखाइएकोले सो भन्दा बढी टकसरी भएको रकम कतै पनि आमदानीमा नदेखाएमा हिसाब मिलन नसक्ने हुँदा सो रकमको मोरु ३५, ००, ०००. ( विशेष खर्च निमित्त पब्लिक डि. एम्. रकमको मौजदातबाट भारु. ३०, ००, ०००. सापटी लिई आमदानीमा देखाइएको छ। विशेष खर्च सामान्य खर्चबाट छुट्याउन सबै प्रगतिशील मुलुकहरूले पनि एक समस्या नै सम्झेका छन्। यो छुट्याउने रेखा बहुत मिहीन छ तापनि [१] सरकारिया आय ज्यथा बढाउने, जस्तै भवन निर्माण जग्गा खरिद [२] सरकारिया आमदानी बढाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
465

योजना उदाहरण विद्युत उत्पादन गर्न, डिजेल प्लान्टको मोल, रेल, रोप, नहर निर्माण इत्यादि विशेष खर्चमा राखिदिएको छ। यस्तो खर्च यस वर्षमा मो.रु. ७,८७, ०००. भा.रु. ३१, १६, ०००. हुने अनुमान गरिएको छ। यसबाट मो.रु.मा २७, १३, ०००. अधिक र भा.रु. तर्फ १, १६, ०००. न्यून हुने हुन्छ। उपरोक्त किसिमको खर्च राष्ट्रिय ऋण उठाई गर्ने चलन विकासित देशहरुमा देखिन्छ तापनि हालसालै हाम्रो मुलुकमा सो हुने सम्भावना कम भएकोले खर्च विशेष आमदानी र विभिन्न रकमका जगेडा कोषबाट बेहोर्ने गरिएको हो।

[घ] सामान्य आमदानी खर्च तर्फको मो.रु. २,१६,३५,०००. न्यून र भा. रु. १,२८,३१,०००. अधिक तथा विशेष आमदानी खर्च तर्फको मो. रु.२७, १३,०००.अधिक र भा.रु.१,१६,०००. न्यून मिलाउँदा सामान्य विशेष दुवै तर्फ गरी जम्माजम्मी मो. रु. १,८९,२२,०००. न्यून र भा रु. १,२७,१५,००० अधिक हुन आउने भएको छ। अधिक हुने अनुमानित भा. रु. १,२७,१५, ०००. को १२८ दरले हिसाबगर्दा मो.रु. १,६२,७५,०००. हुन आई जम्माजम्मीमा मो.रु. २६, ४७, ००० न्यून हुने देखिन्छ।

५, उपरोक्त बमोजिम यो आर्थिक वर्षमा जम्माजम्मीमा आमदानी भन्दा मो. रु. २६, ४७, ०००. बढी खर्च हुने भएको सविवरण परिशिष्ट-बाट स्पष्ट देखिनेछ। तर मुलुकको विकासार्थ रचनात्मक काम जति सकिन्छ, उति तीव्र मात्रामा गर्नु उचित हुंदा त्यसको निमित्त आजसम्ममा ठूलो रकम [मो.रु. २२,९४, ०००. भा.रु. ४५,८७, ०००.] पूरक बजेट-बाट बेहोर्ने गरी निकासा भैसकेको पनि छ। यस बाहेक यो आर्थिक वर्ष-को आखिरीसम्ममा रचनात्मक कामहरू बढाउंदै लगिएको र लगिने हुंदा पर्याप्त मात्रामा बढी खर्च हुन जाने भएको पनि छ। सो खर्च पनि हामीले बेहोर्न बाध्य हुन परेको छ।

६, प्रजातन्त्र—प्रणालीको साधारण सम्पादनमा पर्याप्त र सुयोग्य प्रशास-कीय यन्त्रको आवश्यकता पर्न आउंछ, झन् कुनै निर्माण कार्य योजनाबद्ध तरिकाले गर्नु परेको छ भने त त्यस यन्त्रको अङ्ग विस्तार अनिवार्य बन्द छ। कोरा विस्तारले मात्र पुग्दैन, योग्यता र योग्यताको समुचित कदर र वेतनको व्यवस्था, योग्यताको उत्तरोत्तर विकास हुने कार्य प्रबन्ध अथवा परिस्थितिको सिर्जना, तालिमको प्रबन्ध आदि प्रस्तुत गर्ने विशेष जरूरी भएकोले सरकारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

यस बर्ष यसतर्फ विशेष ध्यान दिएको छ। साथै क्षेत्रीय पुनर्गठन र प्रकाशनको जीर्णोद्धार र पुनरुत्थान पनि अत्यावश्यक हुन आएको छ। त्यसैले यो अनिवार्य आवश्यकतालाई पूर्ति गर्दा खर्चको रकममा निकै बढति हुन गएको छ।

७] प्रजातान्त्रिक व्यवस्थाका मौलिक आधारको रचनामा पनि सरकारले यस बर्ष पर्याप्त खर्च गर्नु परेको छ। बैज्ञानिक रीतको जनगणना गराई यस बर्ष आम चुनावको पनि तैयारी गर्नु परेको छ। यसभन्दा अघि ग्राम पञ्चायत र जिल्लापञ्चायतको गठन सरकारले गरिहाल्नु परेको छ। ग्राम-पञ्चायत प्रजातन्त्रवादको आधार भएकाले र प्रशासनको जिम्मेवारी बिकेन्द्रीयकरण गर्न सकेसम्मको स्थानीय निकायमै सुम्पनु उचित भएकोले प्रजातन्त्र-वादी यस प्रणालीमा सरकारले, आजसम्मको इतिहासमा खर्च भएको रकम-को सयकडा गुणा अधिक खर्च गर्नु परेको छ।

८) प्रजातन्त्र प्रणाली भन्नासाथ शिक्षाको प्रसारको आवश्यकता स्वयमेव स्पष्ट हुन्छ। बस्तुतः यतापट्ट हाम्रो जनताले पनि पर्याप्त ध्यान दिएको देखिन्छ। कुनै गाउँ यस्तो नहोला जसले शिक्षाको माग नगरेको होला। जनताको मागको ध्यान राखी र देशको सामान्य आवश्यकता प्रति पनि विचार गरी सरकारले शिक्षामा सकेसम्म खर्च बढाएको छ। २०१२।१३ सालको शिक्षामा जुन खर्च भएको थियो त्योभन्दा यस आर्थिक बर्षमा करीब १३. प्रतिशत बढेको छ। यो रकम पञ्चबर्षीय योजनामा छुट्याइएको रकमभन्दा छुट्टै हो र यसमा प्राइमरी स्कूलदेखि बी. ए. कक्षासम्मको पठन पाठनको व्यवस्थाको बृद्धि सन्निहित छ।

९.) जनसेवाको कार्यमा स्वास्थको प्रथम स्थान छ। सरकारले स्वास्थ्य-को खर्चमा बृद्धि गरी रोग नहुन दिन उपाय र रोग भएकालाई निको पार्ने साधन जुटैमा गतबर्ष भन्दा ज्यादैनै बढी खर्च गरेको छ। सबै कुराको विचार गर्नै हो भने गत बर्ष स्वास्थ्य सेवामा जति खर्च भएको छ, त्यसको करिब ७ प्रतिशत बढी खर्चको अन्दाजी यस बर्ष हुने भएको छ।

१०.) केवल औषधी मूलो र स्कूल पाठशालामा मात्र होइन, विभिन्न किसिमका धेरै विषयका उच्चतम तालिममा पनि यसि अघिका बर्ष हेर्दा यस बर्ष निकै प्रतिशत अधिक विद्यार्थी र विशेषज्ञहरू संसारका विभिन्न देशमा पठाइएका र पठाउने भएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. आज सुव्यवस्थित शासनका निमित्त र निर्माण कार्यको निमित्त बाटो घाटोको निर्माण तार टेलिफोनको विस्तृत व्यवस्था, सरकारी घर भवनको मरमत र निर्माणको परम आवश्यकता देखिन आएको कुरा सबैमा विदितै छ। यस वर्ष सरकारले यी सबै कामलाई प्राथमिकता दिएको छ र धेरै काम पनि भइसकेको छ। उदाहरणको निमित्त टीका-भैरव, हेटौंडाको बाटो, रक्सौल अमलेखगञ्जको बाटो, जोगबनी विराटनगरको बाटो, भैरहवा तौलिहवाको बाटो। यी ३।४ ठूला बाटाका अतिरिक्त उपत्यका र अरु ठाउँमा पनि बाटो निर्माणको कार्यमा सरकारले निकै अगाडि कदम बढाइसकेको छ। टेलिफोन आदिको विस्तृत विस्तारको निमित्त हाले गहकिलो कदम उठाउँदै छ। बांध पैन र पिउने पानीको प्रवन्धमा पनि सरकारले निकै प्रगति गरिसकेको छ। वर्तमान बजेटमा निर्माण कार्यको दिशातिर एक ठूलो खर्चको रकम पर बारेको छ।

१२. उपत्यकामा खाद्यको कमी पूर्ति गर्ने प्रश्नले पनि हाम्रो बजेटमा निकै ठूलो प्रभाव पारेको छ। पहिलेजम्म करीव भो. रु. २०,००,००० नोक्सानी बेहोर्ने गरी खर्च गरेका छौं। यस समस्यालाई सुल्झाउन सरकार प्रयत्नशील छ तापनि वर्तमान कालको लागि यसको अनिवार्यता स्वीकार नगरी सुख छैन। यो समस्याको निमित्त कृषि विकासार्थ निकै नै योजना बनी कार्यान्वित हुन शुरु भएका छन्। यसका साथै ठाउँ ठाउँमा अझै बाढीपीडित र सुकुम्बासीहरूको पुनर्वास गर्ने प्रश्न पनि सरकारको सामुमा छँदैछ र यो प्रश्नले पनि दिन पर दिन निकै ठूलो रूप लेला भन्ने सम्भावना छ।

१३. उपरोक्त कुराको अतिरिक्त हाम्रो देश निर्माणको लागि एक ठूलो योजना तैयार भएको कुरा सर्वविदित छ। यो योजना पांच वर्षमा पूरा हुने गरी बनेकोले यसलाई पञ्चवर्षीय योजना भनिएको छ। जसमा रु. ३३ करोड खर्च लाग्ने अनुमान भएको यस योजनाको मसौदा जनतामा वितरण पनि भैसकेको छ। यद्यपि यस योजना कार्यान्वित गर्नको लागि मित्र राष्ट्रहरूबाट बिना शर्त ठूलो मात्रामा आर्थिक सहायता प्राप्त हुन लागेको छ तापनि त्यसले नपुग थप रकम रु ८ करोड अझै हामिले नै बेहोर्नु पर्नेछ। प्रशासकीय सुधारद्वारा आर्थिक चुहावलाई रोकेर विभिन्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर लगाई पांच बर्षभित्र देशको आमदानी भा रु ९७ करोड पुर्‍याई सो मध्ये रु ७॥ करोड हाम्रो सामान्य खर्चमा खापिंदा पर्न आउने घाटा पूर्ति गर्न र बांकी रु ६॥ करोड पञ्चवर्षीय योजना कार्यान्वित गर्नमा लगाउने तर्जुमा भएको छ।

१४.) यस बर्षभित्र जस्तो, जति बिस्तारमा हाम्रो वैदेशिक सम्बन्ध भयो, त्यो कुरा सबैले थाहा पाएकै हो। वर्तमान सरकारको पर-राष्ट्र नीतिले हामीलाई जहाँसम्म लाग्दछ हाम्रो राष्ट्रियता र सार्वभौमिकतालाई निक्कै दरो पारेको छ। यस क्षेत्रमा खर्चको रकम निक्कै बढेको छ तापनि हामी यसलाई ब्यर्थ भन्न सक्दैनौं। यसका साथसाथै राष्ट्र संघमा सदस्यताको सम्झना पनि गर्नु आवश्यक छ। यसको अलावा र यसै बर्षभित्र विश्व बौद्ध सम्मेलन र अन्य किसिमका अन्तर राष्ट्रीय सांस्कृतिक आदान प्रदानमा पनि हामीले खर्च गर्न परेको छ।

१५.] हाम्रो मुलुकका आर्थिक समस्याहरूमध्ये मुद्राका समस्या सबभन्दा जटिल छ। देशको कुनै भागमा राष्ट्रीय मुद्रा, कुनै भागमा भारतीय मुद्रा तथा कुनै भागमा दुवै मुद्राको प्रचलन भएकोले यसको सुधार नहुंदा आर्थिक व्यवस्थामा ठूलो बाधा पारहेको सर्वविदित कुरा हो। कारण आफ्नै मुद्रा नभएसम्म त्यसमा नियन्त्रण राखि देशको, उद्योग वाणिज्य र योजनालाई आफ्नै नीतिमा ढाल्न असम्भव प्राय हुन्छ। भर मुलुकमा राष्ट्रिय मुद्राको मात्र प्रचलन गराउने हेतुले अघि भारतीय मुद्राको चलन चली भै आएको स्थानहरूमा सरकारमा दाखिल हुने मालपोत इत्यादिको लगत राष्ट्रिय मुद्रामा राख्न लगाई राष्ट्रिय मुद्रामै असूल तहसिल गराइने र ठेक्का रकमको किस्ता सलामी बाहेक अरू सरकारमा दाखिल हुने सबै रकमको भारतीय मुद्राको सरकारको नियन्त्रित दरले राष्ट्रिय मुद्रामै बुझाउन पाउने गरिएको सबैले थाहा पाएकै कुरा हो। यसबाट मुलुकको आर्थिक समस्याको समाधानमा ठूलो मद्दत हुने कुरा निर्बिवाद छ।

१६.] उपरोक्त बमोजिम सरकारले उठाएको कदम सफल गराउना निमित्त राष्ट्र बैंक स्थापना गरिएको कुरा भनिरहनु पर्ने हओइन। उक्त बैंकले सदरी डिपो बिभिन्न क्षेत्रहरूमा खोल्ने काम गरि सकेको छ। शाखाहरू पनि बराबर खोलिंदै छ। यो शाखा उपशाखाहरूबाट काम चालु भए पछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय मुद्राको प्रचलनमा ठूलो मद्दत हुने आशा गरिएको छ। यस निमित्त सरकारले ठूलो रकम खर्च गर्नु परेको छ तापनि यसबाट भविष्यमा हुने फाइदाले यो खर्च विवेकपूर्ण मानिन्छ।

(१७) यस आर्थिक वर्षको आठ महिना प्राय व्यतीत भइ सकेको छ तापनि आउने चार महिना भित्र पनि हामीले पंचवर्षीय योजनाको शिलशिलामा निक्कै नै खर्च गर्नु पर्नेछ र यस का साथै अहिलेसम्ममा पनि यो प्रस्तुत बजेटको अतिरिक्त धेरै नै ठूलो रकमहरू पूरक बजेटको रूपमा खर्च भैसकेको छ। यसको सबभन्दा मुख्यकारण, विकाश कार्यमा हामीले धेर द्रुत गतिले अगाडि बढ्नु परेकोले नै हो।

(१८) आमदानी पुग्नेगरी मात्र किन खर्च नगर्नु ? खर्चिला योजनाहरू किन अहिले नै गर्नु ? सामान्य खर्च पनि किन नघटाउनु ? भन्नेकसै कसैको विचार होला। तर हाम्रो मुलुक उ्याद‍ै पछिडिएकोले अरु मुलुकको दांजोमा पुग्दी साथ साथै उन्नति गर्दै जाने ठूलो प्रयासको नितान्त आवश्यक छ, जसको निमित्त प्रर्याप्त मात्रामा खर्च गर्न हामी बाध्य भैरहेका छौं। यसैले गर्दा पनि आमदानीको तुलनामा बढी खर्च हुने गरी न्यूनताका बजेट प्रस्तुत भएको हो।

(१९) सभ्य कहलिएका मुलुकहरूमा यस किसिमको खर्च पुऱ्याउन साधारणतया देहायबमोजिमको उपायहरू अपनाएको आर्थिक इतिहास बाट देखिन्छ:

[क] राष्ट्रिय ऋण।

[ख] धेरै मुद्रा चलन चल्तीमा ल्याउने।

[ग] कर [प्रत्यक्ष र अप्रत्यक्ष] उठाउने।

[क] राष्ट्रिय ऋण उठाउने बारे—उपरोक्त तीन उपायमध्ये हाम्रो हालको परिस्थितिमा राष्ट्रिय ऋण उठाउन सकिएला भन्न मुस्किलै देखिन्छ। शायद उठिहाल्यो भनि कोशिस गरेमा पनि आमदानी भन्दा यसै कामको खर्च बढ्ने हुंदा हाल यस काममा हात नहाल्नु न श्रेय देखिन्छ।

[ख] धेरै मुद्रा चलन चल्तीमा ल्याउने बारे— सामान्य खर्च यस तरिकाबाट पूर्ति गर्दा देशमा मुद्राको स्फिति भै उल्टो असर देशमा पर्न आउने हुंदा अर्थ नीति विरुद्ध गर्नु मुनासिब देखिन्न। नयां योजनाहरु कार्यक्रममा ल्याउन नै यो नीति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपनाउने हो भनी पनि चलन चल्तीमा ल्याइने मुद्राजातिको चाहिदो अमानत राख्नुपर्ने हुँदा यो नीति अपनाएर पनि साध्य हुने देखिन्न ।

(ग) प्रत्यक्ष वा अप्रत्यक्ष कर उठाउने बारे– माथि उपदफाहरुमा देखाएइको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष करमा नै निर्भर गर्नु आवश्यक हुन आएको छ। प्रजातन्त्र भन्नु नै देशका सबै नागरिक– धनी वा गरीब – ले आफ्नु देशको शासनमा यथाशक्य जिम्मेदारी लिनु हो। हाम्रो मुलुकमा मालपोत बाहेक अरुमा अप्रत्यक्ष कर मात्र लागी आएबाट सबै साधारण जनतासमेतमा एकैनास हुन गै पूंजिवालाहरुमा कुनै असर एरेको छैन। अप्रत्यक्ष कर धनी वा गरीब सबैले आफ्नु गच्छअनुसार तिर्नै नमई उपभोग गरेअनुसार बेहोर्नै हुंदा प्रचलित अप्रत्यक्ष करको दर बढाउंदा वा नयां लगाउंदा पूंजिवाल र गरीबको भेद नरही एकैनाससंग लाग्ने भएकोले गरीवजातिलाई ज्यादै मर्का पर्न आउँछ। प्रजातन्त्रद्वारा लोककल्याणकारी राज्य स्थापना गर्ने नै सरकारको ध्येय भएकोले भिन्नवर्गका जनताको रहन सहनको स्तर उठाएर राष्ट्रिय जीवनस्तरमा समता र सन्तुलन ल्याउन प्रत्यक्ष कर लगाउनु सिवाय अरु कुनै उपाय देखिदैन। हुनत हाम्रो मुलुकमा धेरै धनी भन्न हुने व्यक्तिहरू कमै होलान्। यसबाट थोरै मात्र आमदानीको वृद्धि हुन आउला। तर प्रजातन्त्र भन्नु नै को धनी, को गरीब सबैले यथाशक्य आफ्नु शक्तिअनुसार देशको कार्यमा सहयोग दिनु हो। नहुनेले थोरै दिनेमा, हुनेले सक्कभर बढी दिने हुनु स्वाभाविकै कुरा हो।

प्रत्यक्ष कर लगाउँदा शुरुमा जनताले अनेक विघ्न बाधा दिने तथा यसमा अनुभव नभएका कर्मचारीहरूले सुचारु रूपले असूल उपर गर्न नसक्ने पनि सम्भावना देखिन्छ। तर त्यसो होला भनी यो बीसौं शताब्दीमा पनि यसतर्फ कदमै नबढाई बस्न समयोचित होयैन। तसर्थ प्रत्यक्ष कर बुझाउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पिछडिएका नागरिक र असूल उपर गर्ने हीनानुभव कर्मचारी-हरूलाई यस विषयको अभ्यास गराउँदै कानलाई यही आर्थिक वर्षदेखि प्रत्यक्ष कर लगाउने गरिएको छ। सबै देशवासीहरू-ले देशको उठानको निमित्त सहयोग दिई सरकारको उद्देश्य सफल गराउन सबै देशवासीहरूलाई अनुरोध छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८६

## परिशिष्ट (क)

## २०१३।०१४ सालको आय–व्यय गणानाको

### १. सामान्य आमदानीको वर्गीयकरण

आमदानी

तेरीज

(रुपैयाँ हजारमा)

| विवरण | ०१२।१३ सालको बजेट अनुमान | | ०१२।१३ सालको संशोधित बजेट अनुमान | | ०१३।१४ सालको बजेट अनुमान | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | मो.रु. | भा.रु. | मो.रु. | भा.रु. | मो.रु. | भा.रु. | |
| [क] कर र पोत | | | | | | | |
| १. भंसार | १८,७५ | १,०८,२० | १७,४० | १,५५,७४ | २१,५० | १,६४,०५ | |
| २. आयकर | ० | ० | ० | ० | ० | ० | |
| ३. अन्तःशुल्क र ठेका | २,६९ | १९,८३ | ३,८१ | १,२८ | ३,४३ | २५,२८ | |
| ४. [क] मालपोत | ६२,४७ | ७३,८० | १०,७८ | ८१,५५ | ४६,८६ | ८१,५५ | |
| [ख] गुठी | ४,६६ | [illegible],७७ | ७,९७ | ८,३७ | ६,०२ | ६,५३ | |
| ५. लिफा | ० | ० | | ० | ० | ० | |
| ६. बन | ५६ | ३८,०० | १,१२ | ४५,६४ | १,६१ | ४६,२२ | |
| ७. रजिष्ट्रेशन | २,७६ | १,३४ | ३,१७ | १,२८ | ३,२५ | १,८७ | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 256

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. सवारी कर | ० | ० | ० | | ० | ० |
| ९. अरू करहरु (मनोरञ्जनकर) | ३,३२ | ८१ | २,६६ | ४६ | ३,८० | ३५ |
| कर र मालपोतको जम्मा | ७६,३७ | २,५८,८६ | ६५,८६ | २,५०,४२ | ६३,४७ | ३,२६,२६ |
| [ख] यातायात | | | | | | |
| १०. रेलवे | ० | ८,२२ | ० | ६,६२ | ० | ६,५० |
| ११. रोपवे | ६,१० | ० | ६,६१ | ० | ८,४२ | ० |
| १२. ट्रली | ३५ | ० | ८० | ० | ४० | ० |
| यातायातको जम्मा | ६,४५ | ८,२२ | ७,४१ | ६,६२ | ८,८२ | ६,५० |
| [ग] सिंचाई | | | | | | |
| १३. सिंचाई | ० | ५७ | ० | ० | १ | ५४ |
| [घ] संचार | | | | | | |
| १४. हुलाक | २,४३ | ६ | २,८० | १ | २,८० | १ |
| १५. टेलिफोन | ४४ | १३ | ७१ | ११ | ७१ | ११ |
| १६. आकाशवाणी | ३५ | ५२ | २२ | २७ | ३१ | ६४ |
| संचारको जम्मा | ३,२२ | ७१ | ३,७३ | ३९ | ३,८२ | ७६ |
| [ङ] निजामती राज्यव्यवस्था | | | | | | |
| १७. न्याय | ३,६६ | ३,८७ | ५,७२ | ४,२३ | ५,७० | ४,८२ |
| १८. शिक्षा | ४२ | १ | ४२ | १ | ४२ | १ |
| १९. स्वास्थ्य | १,२१ | ० | १,१५ | ० | १,१७ | ० |
| २०. उद्योग र वाणिज्य र पूर्ति | ५ | ६४ | ८ | ८२ | ८६ | ८३ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१. हवाइ विभाग | ० | १,२० | ० | १,२८ | ० | १,५२ |
| २२. कृषि | २६ | ० | २६ | ० | २६ | ० |
| [ङ] मामती राज्यव्यवस्थाको जम्मा | ५,६३ | ५,८२ | ७,९३ | ६,३४ | ७,६४ | ७,०६ |
| [च] रोड शेष | | | | | | |
| २३. रोड शेष | ३० | १,८० | ३७ | १,२८ | ३७ | १,२८ |
| [छ] बिजुली | | | | | | |
| २४. बिजुली | ४,८६ | ० | ७,०१ | ० | ५,०२ | ० |
| [ज] टकसार | | | | | | |
| २५. टकसार | ३८,९२ | ० | ४०,०० | ० | ४०,०० | ० |
| [झ] विदेश सरकारबाट प्रोजेक्ट | | | | | | |
| २६. विदेश सरकारबाट प्रोजेक्ट | १० | १०,०० | ० | १०,०० | ० | १०,०० |
| [ञ] छपाइ | | | | | | |
| २७. छपाइ | १२ | १ | १३ | १ | १३ | १ |
| [ट] विविध | | | | | | |
| २८. विविध | १,८१ | ७० | १,५६ | ६४ | १,७० | ६२ |
| सामान्य आमदानीको जम्मा | १,३७,५१ | २,७६,६९ | १,५१,७३ | २,९८,४० | १,५६,४८ | ३,५६,०२ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २. विशेष आमदानी

[क्यापिटल]

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पब्लिक रकम डि एन्ड एमू. एकाउन्टबाट सापटी) | ० | ३८८१ | ० | २८८१ | ० | ३००० |
| टकसार | २३३८ | ० | २७६२ | ० | ३५०० | ० |
| विशेष आमदानीको जम्मा:— | २३३८ | ३८८१ | २७६२ | ३८८१ | ३५०० | ३००० |

## ३. सामान्य र विशेष आमदानीको जम्मा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामान्य आमदानी | १३७५१ | २७६६८ | १५१७३ | २६८९० | १५९६८ | ३५६०३ |
| विशेष आमदानी | २३३८ | ३८८१ | २७६२ | ३८८१ | ३५०० | ३००० |
| सामान्य र विशेष आमदानीको जम्मा | १६०८९ | ३१५५० | १७९६५ | ३३७७१ | १९१६८ | ३८६०३ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
250

# परिशिष्ट [ ख ]

## १ २०१३।१४ सालको आय–व्यय गणनाको सामान्य आमदानीबाट बेहोरिने खर्चको वर्गीयकरण

[खर्च]

तेरिज

(रुपैयां जारमा)

| विवरण | ०१२।१३ सालको बजेट अनुमान | | ०१२।१३ सालको संशोधित बजेट अनुमान | | २०१३।०१४ सालको बजेट अनुमान | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | साधारण | | नयाँ | | जम्मा | |
| | मो. रु. | मा. रु. | मो. रु. | मा. रु. | मो. रु. | मा. रु. | मो. रु. | मा. रु. | मो. रु. | मा. रु. |
| कर र पातबाट बेहोरिने खर्च | | | | | | | | | | |
| १. भन्सार — | २१७ | ६१० | १८६ | ४३८ | ४०३ | ५०३ | २६८ | ६५ | ४७७ | ५७४ |
| २. आयकर — | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. अन्तःशुल्क — | ३४ | २५ | ३३ | ० | ३३ | ० | ० | ० | ३३ | ० |
| ४. पन्चायतकर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५. मालपोत गुठी | १५३६ | ८४६ | १४७६ | ८४४ | १४८३ | ८३६ | ६४ | ० | १५७३ | ८४६ |
| ६. टिकट फि.फा — | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मुद्रण विभाग सिंहदरबार

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७, रजिष्ट्रेशन— | ६३ | १३ | ६२ | ११ | ६२ | १२ | ० | | ६२ | १२ |
| ८. बस — | ३४१ | ६४३ | ३२५ | ६८५ | ३४० | ८३७ | ० | ४ | ३४० | ८४१ |
| ९. सवारी कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १०. अरू करहरू (मनोरञ्जनकर)— | २ | ० | २ | ० | ५ | ० | ० | ० | २ | ० |
| कर र पोतेबाट बेहोरिने | | | | | | | | | | |
| खर्चको जम्मा | १२१६६ | २४३७ | २०७४ | २२३६ | २१२८ | २२०७ | ३५८ | ६८ | २४८७ | २२७६ |
| यातायात | | | | | | | | | | |
| ११. रेलवे — | ० | ६५५ | ५ | ५४६ | ८ | ६६१ | ० | ७१ | ८ | ७३२ |
| १२. रोडवे — | ४७० | ३०२ | ४६१ | ३८ | ४४४ | ४० | २६ | ४०० | ४७० | ४४० |
| १३. मोटर ट्रली – | १०१ | ७ | ९० | ७ | ६४ | ७ | ० | ० | ६४ | ७ |
| यातायातको जम्मा | ५७१ | ९६४ | ५५६ | ५९४ | ५१६ | ७०८ | २६ | ४७१ | ५४२ | ११७९ |
| सिंचाइ | | | | | | | | | | |
| १४. सिंचाइ — | ५१ | २०३ | ५१ | २३३ | ४१ | १८८ | ३ | १९ | ४९ | २१७ |
| संचार | | | | | | | | | | |
| १५ हुलाक — | ६७० | २२५ | ४७४ | १६० | ४७४ | १६० | ० | ० | ४७४ | १६० |
| १६, टेलिफोन— | १८० | १३० | १५१ | १११ | १५५ | १३० | ० | ३६ | १५१ | १६६ |
| १७, आकाशवाणी | ७० | १४७ | ६१ | ८० | ७२ | ११७ | १२ | १२ | ८५ | १२६ |
| संचारको जम्मा | ९२० | ५०२ | ६८६ | ३६१ | ७०१ | ४०७ | १२ | ४८ | ७१५ | ४५५ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अक्षामती राज्यव्यवस्था

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८. साधारण राज्यव्यवस्था | | | | | | | | | | |
| क, मन्त्रीहरू | १६५ | १ | ८० | ० | २४० | ० | ० | ० | २८० | ० |
| ख, मन्त्रिहरूको सचिव रुथ | ७५ | २ | ५२ | १२ | ११७ | २४ | ० | ० | ११७ | २४ |
| ५, नेपाल सरकार सचिवालय | १६५८ | ७२ | १४५४ | ५१ | १४७१ | ६२ | ६८ | ३५ | १५३९ | ८७ |
| छ, पब्लिक सर्भिस कमिशन | ५० | ५ | ४३ | ५ | ४४ | ५ | ६ | ० | ४५ | ५ |
| च, प्रान्तीय व्यवस्था | ७८६ | ६८० | ५८१ | ७६६ | ७३४ | ७८८ | ८ | ४ | ७४३ | ७२३ |
| ज, विविध | | | | | | | | | | |
| १, निर्वाचन कमिशन | ३४५ | १८३ | २०७ | ८ | ८४८ | ३६५ | ४ | ३ | ८५२ | ३६८ |
| २, सल्लाहकार सभा | २१४ | १५ | ० | ० | ४२८ | ३० | ० | ० | ४२८ | ३० |
| ३, संख्या विभाग | १६२ | ० | १९८ | ० | १३७ | ० | ० | ० | १३७ | ० |
| १९. अडिट [ लेखा नियन्त्रण ] | ४०६ | २४ | ३८६ | १ | ३८५ | २१ | ३ | ० | ३८८ | २१ |
| २०. न्याय व्यवस्था | १२०६ | ५५५ | १००४ | ५१४ | १०१२ | ५१० | ५१ | २२ | १०६३ | ५३२ |
| २१. पुलीस | १९१२ | ३६०२ | ३१८ | २०६५ | ३३६३ | २०७० | २० | ३८६ | ३४१३ | २४५८ |
| २२. जेल | ५१८ | ४७३ | ५४८ | २३८ | ५४६ | २३८ | ० | ० | ५४८ | २३८ |
| २३. परराष्ट्र | ५५ | ७८५ | ४७ | ७२२ | ४२ | ७२१ | १ | २६० | ४४ | ८८१ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४. वैज्ञानिक बिभाग | | | | | | | | | | |
| क, खानी | १५० | ३० | ७६ | ६ | ११२ | ५ | १ | ० | ११३ | ५ |
| ख, म्यूजियम | ३८ | ० | ३४ | ० | ३४ | ० | ० | ० | ३४ | ० |
| ग, आर्कियोलजी [पुरातत्व] | ४८ | ४ | ४४ | २ | ४१ | २ | ० | ० | ४१ | २ |
| घ, सर्भे | १२५ | ४२ | ८२ | १ | ८२ | १ | १२ | १ | ९४ | ६ |
| २५. शिक्षा | १७७३ | २११६ | १७०६ | ७९७ | १५५० | ७११ | २९९ | २११ | १८४९ | ९७२ |
| २६. स्वास्थ्य | ८२९ | ८०८ | ७३७ | ८५३ | ७८२ | ८५६ | २५ | २८ | ८०७ | ८८४ |
| २७. खाद्य | ९३ | २ | ८९ | १५ | ६५ | २ | ० | ० | ६५ | २ |
| २८. कृषि | ८०७ | ५९६ | ४१७ | ७३ | ५९२ | १८६ | २ | ० | ५९४ | १८६ |
| २९. पशुचिकित्सा | ८६ | ९८ | ५७ | ५२ | ७४ | ८४ | ० | ० | ७४ | ८४ |
| ३०. उद्योगवाणिज्य | ९१ | १३ | ८२ | ६ | ८५ | ७ | ० | १०५ | ८५ | ११२ |
| ३१. हवाइ विभाग | ८२ | ७१ | ६५ | १७ | ८३ | २३ | ० | ० | ८३ | ३ |
| ३२. बोर्डकाष्टिङ्ग | १३० | ८७ | ८३ | ५ | १०५ | ५ | ८ | ८२ | ११३ | ८७ |
| ३३. विविध विभाग | | | | | | | | | | |
| क. प्रचार — | २२ | ४८ | १५ | ३६ | २८ | ४८ | ० | ० | २८ | ४८ |
| ख. अतिथि सत्कार | १२८ | ६३ | १०१ | ६३ | ८८ | ६५ | १२ | २ | १०० | ६७ |
| घ. पंचायत म्यूनिसिपलिटी | ३६० | ८५ | १४६ | ५४ | ३५१ | ६० | ० | ० | ३५१ | ६० |
| ङ. पानी | २२३ | २७६ | ८४ | ८ | ७८ | ८ | ३१७ | ४६५ | ३६५ | ४८३ |
| च. वारुणयन्त्र | ६३ | ४६ | ६१ | १ | ६८ | ५ | ० | ५२ | ६३ | ५४ |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
258

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ङ. पशुशाला | ४ | ० | ८ | ० | ८ | ० | ० | ० | ८ | ० |
| ञ. छापाखाना | २११ | ५१ | ६६ | ४५ | ८७ | ५१ | ० | ० | ८७ | ५१ |
| ऋ. चिडियाखाना | ३८ | ० | ३८ | ० | ३८ | ० | ० | ० | ३८ | ० |
| ञ. विविध अड्डा | ३४८ | ४७ | १८२ | १ | २५० | १६ | ० | ५५ | २५० | ७४ |
| निजामती राज्यव्यवस्थाको जम्मा | १३१५७ | १००२६ | १२११० | ६२४४ | १४१४३ | ६६४: | ८३३ | १७३५ | १४८७६ | ८६७८ |
| निर्माण | | | | | | | | | | |
| ३४. घरकाज— | ७७६ | ४३८ | २८६ | ६१ | १०८ | ६०३ | ५५० | १८१ | १५६८ | ७८४ |
| ३५. सडक— | ३५२ | १५५ | २६१ | ७६ | २७२ | ८३ | १ | ६५७ | २७३ | ७४० |
| निर्माणको जम्मा | ११३१ | ५९३ | ५४७ | १४० | १२६० | ६८६ | ५५१ | ८३८ | १८४१ | १५२४ |
| बिजुली | | | | | | | | | | |
| ३६. बिजुली | २५८ | ५० | २५४ | ४६ | २५५ | ५० | २ | ० | २५७ | ५० |
| टकसाल | | | | | | | | | | |
| ३७. टकसाल— | ३७० | २४२८ | ४११ | २०७७ | ४८७ | २१२४ | ० | ० | ४८७ | २१२४ |
| रक्षा | | | | | | | | | | |
| ३८. रक्षा— | १०८८८ | ३१२४ | ११८६२ | १८६१ | १०४३० | २६१५ | १२ | ० | १२४४२ | २६१५ |
| श्री ५ महाराजाधिराज र मौसूफका परिवार | | | | | | | | | | |
| ३९ श्री ५ महाराजाधिराजतर्फ | ५०० | ३४८ | ७६५ | ३४१ | ७०५ | ३४० | ० | ० | ७०५ | ३४० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २५२

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४०. श्री ५ बडामहारानीहरूतर्फ | ५० | ५ | ५० | ५ | ५० | ५ | ० | ० | ५० | ५ |
| ४१. श्री ५ युवराजाधिराजतर्फ | २०० | २८ | २०० | २८ | २०० | २८ | ० | ० | २०० | २८ |
| ४२. श्री ५ का अरू परिवार तर्फ | १०२५ | २७६ | १०२५ | २७८ | १०२५ | २७८ | ० | ० | १०२५ | २७६ |
| श्री ५ तर्फको जम्मा | १९७५ | ६५९ | २०४० | ६५६ | १९८० | ६५१ | ० | ० | १९८० | ६५१ |
| **विविध** | | | | | | | | | | |
| ४३. खाद्य खरिदबिक्रीमा नोक्सानी | ५०० | ५०० | ० | ३४४४ | ३०० | ७०० | ० | ० | ३०० | ७०० |
| ४४. चन्दा | १०० | १३३ | १५० | २११ | १०० | १३७ | ० | १२९ | १०० | २६६ |
| ४५. स्टेट प्लेन | २२ | ५७२ | २ | २५५ | २६ | ८५३ | ० | ० | २६ | ८५३ |
| ४६. पेन्सन | ६२६ | ११८ | ६०० | ११८ | ७४४ | ११९ | ५ | ० | ५४९ | ११९ |
| ४७. राजनैतिक पीडितहरूलाई सर्वस्व फिर्ता | १० | १० | ४ | ३ | १० | १० | ० | ० | १० | १० |
| ४८. राजनैतिक आन्दोलनमा घाइते भएका र मरेकालाई सहायता | | | | | | | १०० | ० | १०० | ० |
| ४९. तलबको दरबन्दी लागू गराउने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मुद्रण विभाग, सिंहदरबार

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५०. विशेष पटके खर्च | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५१ विविध | ८३५ | १९९१ | २००७ | १८०२ | ४७३ | ७२५ | ० | ० | ४७३ | ७२५ |
| विविधको जम्मा | २०९३ | ३३२४ | २७६३ | ५८३३ | १४२३ | २२७४ | १०२ | १२९ | १५५८ | २७०३ |
| सामान्य आमदानीबाट बेहोरिने खर्चको जम्मा | ३३६१२ | २४३४० | ३३३७४ | २०३८७ | ३५४३१ | १९४६३ | १९०२ | ३३०९ | ३७३३३ | २२७७२ |

## क्याबिटल

### १. विशेष खर्च

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भण्डार | ० | ० | ० | ० | ० | ० | ० | १०७५ | ० | १०७५ |
| रेल्वे | ० | ० | ० | ० | ० | ० | ० | ८४ | ० | ८४ |
| क्वाइनेजफण्ड | ८५ | १७६८ | ८७ | २१३८ | ० | ० | ७३७ | १८५९ | ७३७ | १८५९ |
| हवाई | ० | १५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घरबाहिर सडक | १४४२ | १५८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| बिजुली | ३११ | २५१ | १४६ | ५०२ | ० | ० | ५० | ५० | ५० | ५० |
| रक्षा | ० | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| चन्दा | ० | ० | ० | ० | ० | ० | ० | ३८ | ० | ३८ |
| विशेष खर्चको जम्मा | १८२१ | ३८८१ | ११५१ | २६४० | ० | ० | ७८७ | ३११६ | ७८७ | ३११६ |

### २. साधारण विशेष खर्चको जम्मा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| साधारण खर्च | २[illegible] | २४३४० | ३३३७४ | २०३८७ | ३५४३१ | १९४६३ | १९०२ | ३३०८ | ३७३३३ | २२७७२ |
| विशेषखर्च | १८२१ | ३८८१ | ११२२ | २६४० | ० | ० | ७८७ | ३११६ | ७८७ | ३११६ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 256

साधारण र विशेष खर्चको

जम्मा |३५५०३ |२८२२१ |३४४९६ |२२०२७ |२१८३१ |१०४६३ |२६९८ |६४४५ |३८१२० |२५८८८ |

परिशिष्ट [क] बमोजिम जम्मा आमदानी र [ख] बमोजिमको जम्मा

खर्चको अनुमानबाट हुन आउने आधिक्य [+] र न्यूनता [—] -१८९२२+१२७१५

आधिक्य भएको भा. रु. १२७१५को सयकडा १२८ ले घटही गर्दा

हुने मोरु. +१६२७५ -१२७१५

खुद न्यूनता अनुमान न्यून भएको -२६४७ ×

नोट:—

१. अनुमानित आमदानी मो.रु. १५९९८, भा.रु. २५६०२ देखाएको छ तापनि सरकारबाट प्रकाश भएको

विज्ञप्तिबाट निम्नलेखिएका रकमसंम भा. रु. आउने भएर भा. रु. १०० को मो. रु. १२८ का दरले मो. रु.

आउने भएकोले २०१३।०१४ सालमा निम्न लेखिए बमोजिम आमदानी हुन आउने अनुमान भएको ४२३७२ १४७६३.

नेपाल भारत उद्योगवाणिज्यसम्बन्धी अन्तःशुल्क र पैठारी फिर्ता भै आउने — ६८००.

भारत सरकारबाट आउने रिजेन्ट— — १०००.

अन्तःशुल्क (ठेक्का) — — — — ५२८.

लकडी [ठेका] — — — ४४३५.

भा. रु. २०८४० को मो. रु. १२८ का दरले आउने — २६६७५

जम्मा मो. रु. १५९९८

२. सरकारबाट प्रकाश भएका निजामती भा.रु. तलब भत्ता खानेलाई मो.रु. तलब भत्ता दिई त्यसका

सयकडा २८ स्थानीय भत्ता थप दिनु भनी भएकोले निम्न लेखिए बमोजिम खर्च हुने अनुमान भएको ४३७६५ १७७४७.

उपरोक्त मो.रु. ३७३३३ मा भा.रु. तलब रकम ५०२५ र त्यसको सयकडा २८ ले थप

स्थानीय भत्ता मो. रु. १४०७ थप्दा हुने मो. रु. ४३७६५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भा. रू. २२७७२ मा मो. रू. तलब जाने ५०२५ कट्टी गरी बांको भा. रू. १७७४७

| | | | | |
|---|---|---|---|---|
| ३. उपर्युक्त [१] को आधारमा हुने आमदानी | | ४५८७३ | | १७७६३ |
| (क) सामान्य आमदानी | ४२२१३ | १४७६२ | | |
| (ख) विशेष आमदानी | ५५०० | ३००० | | |
| ४, उपर्युक्त (२) को आधारमा हुने खर्च | | | ४४५५२. | २०८६३. |
| [क] सामान्य खर्च | ४३७६५. | १७७४७. | | |
| (ख) विशेष खर्च | ७८७. | ३११६. | | |
| ५, उपर्युक्त (३) बमोजिमको आमदानी र (४) बमोजिम खर्चका अनुमानबाट हुने आधिक्य | | | | |
| [+] र न्यूनता (—) | | | +१३२१. | —३१००. |
| न्यूनता सबको भा. रू. ३१०० पूर्ति गर्न १२८ ले चाहिने मो. रू. | | | —३९६८ | +३१००. |
| खुद न्यून हुन आउने | | | -२६४७. | — |

आज्ञाले—

नीरराज,

सेक्रेटरी–अर्थमन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रक मेनेजर प्रेमराज शर्मा,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९००